गढवा गाउँपालिका
देउखुरी दाङ, लुम्बिनी प्रदेश नेपाल

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्ड : ६ आषाढ १५ गते, २०७९ साल, संख्या : १

# भाग - १

## गढवा गाउँपालिकाको सूचना ।

नेपालको संविधानको धारा २२२ बमोजिम गढवा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## गढवा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७९

**प्रस्तावनाः**

गढवा बासीहरुलाई संविधान प्रदत्त स्वास्थ्य सम्वन्धी हक कायम गराउन र "नेपालको संविधान, को धारा ५७ को उपधारा (४) को अनुसूची-८ को सूची नं. ९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ झ मा व्यवस्था गरिएको काम कर्तव्य र अधिकारको प्रयोजनको लागि र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११.२.ज बाट गढवागाउँपालिकाले पाएको अधिकार प्रयोग गरी गाउँपालिकाको क्षेत्र भित्र र समग्र स्वास्थ्य क्षेत्रको विकासका लागी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल स्वास्थ्य सेवाको गुणस्तरीयता र सेवामा सबैको पहुँच कायम गर्न गढवागाउँपालिकाको क्षेत्रमा स्थापना भएका र स्थापना हुने स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसयमा व्यापक सुधार गर्दै समयानुकूल उच्च प्रविधियुक्त स्वास्थ्य सेवाको विकास विस्तार गर्न, गराउन स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधान को धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार "गढवा गाउँपालिकाको गाउँ सभावाट गढवागाउँपालिकाको स्वास्थ्य ऐन, २०७९" पारित गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नाम "गढवा गाउँपालिका स्वास्थ्य ऐन, २०७९" रहेको छ ।

(ख) यो ऐन गढवा गाउँपालिका भर लागु हुनेछ ।

(ग) यो ऐन गाउँ सभा बाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले गढवा गाउँपालिकाको स्वास्थ्य ऐन, २०७९ लाई सम्झनु पर्छ ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले गढवा गाउँपालिका बुझ्नुपर्छ ।

(घ) "गाउँ सभा" भन्नाले गढवा गाउँपालिकाको गाउँसभालाई बुझ्नुपर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले गढवा गाउँपालिकाको कार्यपालिका बुझ्नुपर्छ ।

(च) "अध्यक्ष" भन्नाले गढवा गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(छ) "उपाध्यक्ष" भन्नाले गढवा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गढवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(झ) "वडा अध्यक्ष" भन्नाले गढवा गाउँपालिकाका १ देखि ८ नम्बरका वडा अध्यक्ष सम्झनुपर्छ ।

(ञ) "कार्यपालिका सदस्य" भन्नाले गढवा गाउँपालिकाको कार्यपालिका सदस्य सम्झनुपर्छ । सो शव्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष समेतलाई वुझाउछ ।

(ट) "वडा समिति" भन्नाले गढवा गाउँपालिका भित्र रहेका वडाको वडा अध्यक्ष र सदस्य रहेको वडा समितिलाइ सम्झनुपर्छ ।

(ठ) "स्वास्थ्य शाखा" भन्नाले गढवा गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनको लागी तोकिएको शाखा/उपशाखा/इकाई सम्झनुपर्छ ।

(ड) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी,आधारभुत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य ईकाई, आयुर्वेद तथा बैकल्पीक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ढ) "आधारभुत स्वास्थ्य सेवा" भन्नाले संघीय ऐनमा उल्लेखित आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्दछ ।

(ण ) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी नीजि क्षेत्रवाट सञ्चालित हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ । सो शब्दले गाउँपालिकाको क्षेत्र भित्र स्वास्थ्य उपचारको लागी खोलिएका शुल्क लिने सवै प्रकारका स्वास्थ्य संस्थाहरु (जस्तै अस्पताल, क्लिनिक, नर्सिङ्गहोम, बैद्यखाना,

सुधारकेन्द्र, फार्मेसी अनुसन्धान केन्द्र/डाइग्नोसिस सेन्टर, रक्तसञ्चार केन्द्र आदि) लाई वुझाउँछ ।

(त) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्था तथा गैह्र नाफामूलक संघ-संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थाहरु (जस्तै अस्पताल, क्लिनिक, नर्सिङ्गहोम, बैद्यखाना, सुधारकेन्द्र, फार्मेसी अनुसन्धान केन्द्र/डाइग्नोसिस सेन्टर, रक्तसञ्चार केन्द्र आदि) लाई सम्झनु पर्दछ ।

(थ) "स्वास्थ्य सेवा व्यबसाय" भन्नाले स्वास्थ्य उपचारकोलागी चाहिने सवै प्रकारका औषधी, औजार, उपकरण लगायत सामाग्रीहरु उत्पादन गर्न उद्योग, ओसार पसार भण्डारण, विक्रि वितरण गर्ने तथा परामर्श दिने स्वास्थ्य व्यबसाय वुझ्नुपर्छ ।

(द) "स्वास्थ्य शाखा प्रमुख" भन्नाले गाउँपालिकाको स्वास्थ्य सेवा व्यवस्थित सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न तोकिएको स्वस्थ्य शाखा प्रमुख कर्मचारी वुझ्नुपर्छ ।

(ध) "कर्मचारी" भन्नाले स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य सेवा प्रविधिक तथा प्रशासनिक कर्मचारी समेतलाई वुझ्नुपर्छ । सो शब्दले गाउँपालिका र मातहतका अवस्थित संस्थामा कार्यरत कर्मचारीलाई समेत जनाउछ ।

(न) "अनुमति" भन्नाले संघीय सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँमा स्वास्थ्य संस्था वा स्वास्थ्य व्यबसाय खोल्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउनेछ ।

(प) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको सर्त पुरा गरेको स्वास्थ्य संस्था वा स्वास्थ्य व्यबसायलाई संघीय सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(फ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यबिधीहरुमा तोकिएको वा तोकिए बमोजिम भन्ने जनाउछ ।

(ब) "स्वास्थ्य समिति" भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य समितिलाई सम्झनु पर्दछ ।

(भ) " व्यवस्थापन समिति" भन्नाले दफा ७ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

## परिच्छेदः २
## आधारभूत स्वास्थ्य सेवा प्रदायक र स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा :**

(१) सबै नागरिकहरुले संघीय तथा प्रदेश कानुनले तोके बमोजिमको गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा बिना भेदभाव सर्वसुलभ र निशूल्क पाउने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिमको आधारभूत स्वास्थ्य सेवाहरूमा गाउँपालिकाले थप गर्न सक्नेछ । थप गरिएका सेवाहरूको हकमा आर्थिक भार गाउँपालिकाले ब्यहोर्नु पर्नेछ ।

(३) स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरू देहाय बमोजिमका हुनेछन्:

(क) सरकारी: सरकारी स्वामित्वमा गाउँपालिकाभित्र संचालन भएका प्रतिष्ठान, प्राथमिक अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ, आयूर्वेद औषधालय तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिक, सर्पदंश उपचार केन्द्र आयूर्वेद केन्द्रहरू लगायतका सरकारी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजी: निजी क्षेत्रद्वारा सञ्चालित मेडिकल कलेज, अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक, क्लिनिक, निदान केन्द्र, फार्मेसी लगायतका निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) सामुदायिक, ट्रष्ट वा लोककल्याणकारी संस्थाहरूको अधिनस्थ: सामुदायिक स्वामित्वमा रहेका र ट्रष्ट वा लोककल्याणकारी संस्थाहरू मार्फत संचालन भएका अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक लगायतका स्वस्थ्य सेवा प्रदायकहरू हुनेछन् ।

४. **सेवा प्रवाहमा साझेदारी गर्न सक्ने** :

(१) गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, गैरसरकारी संस्था, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरू संग स्वास्थ्य सम्बन्धी विभिन्न क्रियाकलापहरू गर्नका लागि साझेदारी गर्न सक्नेछ र तिनीहरूबाट औषधि, उपकरण, विशेषज्ञ सीपहरू लगायतका सेवा सम्बन्धी अन्य सहायताहरू प्राप्त गर्न सक्नेछ ।

(२) गाउँपालिका भित्र सरकारले संचालन गरेका वा आधारभूत स्वास्थ्य सेवा दिन भनि सम्झौता गरिएका स्वास्थ्य संस्थामा कुनै पनि नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा बन्देज गरिने छैन ।

**५. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड:** स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड नेपाल सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

**६. गाउँपालिका स्वास्थ्य स्वास्थ्य सेवा व्यवस्थापन समिति** :

१) गाउँपालिकाको स्वास्थ्य क्षेत्रको नीति, रणनीतिहरू निर्माण तथा कार्यान्वयन गर्न र गाउँपालिका क्षेत्र भित्र रहेका सरकारी, निजी, सामुदायिक, ट्रष्ट वा लोककल्याणकारी स्वास्थ्य संस्थाहरुको रेखदेख, समन्वय, अनुगमन, नियमन र व्यवस्थापन गर्न देहाय बमोजिमको गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिको गठन गरिनेछ ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - उपाध्यक्ष

(ग) सामाजिक बिकास समितिको संयोजक - सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत - सदस्य
(ङ) महिला स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य
(च) स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना - सदस्य
(छ) कार्यपालिकाको सदस्यहरु मध्येवाटे १ जना महिला सहित २ जना मनोनित सदस्य
(ज) स्वास्थ्य क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी गाउँपालिका अध्यक्षले तोकेको १ जना- सदस्य
(झ) स्वास्थ्य क्षेत्रमा कार्यरत गैर सरकारी तथा नीजि क्षेत्रको प्रतिनिधीत्व हुने गरी कार्यपालिकाले तोकेको १ जना - सदस्य
(ञ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) नगर स्वास्थ्य समितिले आमन्त्रीत सदस्यको रुपमा स्थानिय सुरक्षा प्रमुख, र स्वास्थ्य क्षेत्रका विभिन्न विषयका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।
(३) समितिले आवश्यक ठानेमा जनस्वास्थ्य क्षेत्रसँग सम्बन्धित कुनै व्यक्ति वा संस्थालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**७. गाउँपालिका स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार :**(१)गाउँपालिका स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार अन्यत्र लेखिएको सहित देहाय अनुसार हुनेछ :
(क) गाउँपालिका भित्रको स्वास्थ्य सेवा विकास, विस्तार र गुणस्तर सुनिश्चितताको योजना तयार गर्ने,
(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य सेवा व्यवशायहरु सञ्चालनका लागी अनुमति,
स्वीकृति, स्वास्थ्य संस्था स्थानान्तरण, समायोजन सम्बन्धी कार्यपालिकालाई सिफारिस गर्ने,
(ग) स्वास्थ्य संस्था र स्वास्थ्य कार्यक्रमहरूकालागी आवश्यक आर्थिक अनुदान तथा स्रोत जुटाउने र प्रभावकारी परिचालन गर्ने गराउने
(घ) गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने स्वास्थ्य संस्थाहरु र स्वास्थ्य सेवा व्यबसायहरूलाई गुणस्तरिय,
मर्यादित र व्यवस्थित बनाउने,
(ङ) गाउँपालिकावाट स्थापना भएका स्वास्थ्य संस्थाहरूमा दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत/ सिफारिस गर्ने,
(च) स्वास्थ्य संस्था, स्वास्थ्य सेवा व्यबसाय र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,
(छ) मानव स्वास्थ्यसँग सम्बन्धित विषयहरुको सम्बोधन गर्ने,
(ज) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने ।

(झ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायसँग आवद्ध कर्मचारीहरूलाई कार्य सम्पादन तथा मूल्यांकनका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने गराउने ।

(ञ) स्वास्थ्य संस्थाहरूको स्वीकृत दरबन्दीमा रिक्त भई करारमा स्वास्थ्य प्रविधिक, कर्मचारी, स्वास्थ्य स्वयमसेवक एवं स्वास्थ्य कार्यकर्ता नियूक्ति गर्नु पर्ने भएमा गाउँपालिकाको करार कर्मचारी छनौट समिति मार्फत परीक्षा लिई रिक्त रहेको स्वीकृत दरबन्दीमा योग्यताक्रम अनुसार करार सूचि अनुसार नियुक्ति गर्ने व्यवस्था मिलाउने ।

(ट) स्वास्थ्य सेवाको गुणस्तर कायम गराउने ।

(ठ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा सेवा शुल्क निर्धारण गर्ने स्विकृती दिने ।

(ड) स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने, गुनासा, उजुरी, सुन्ने, तथा यथोचित सम्वोधन गर्ने, गराउने

(ढ) गाउँपालिकाभित्रका स्वास्थ्यसंस्थाहरुमा नागरिक बडापत्र,सार्वजनिक सुनुवाई,सामाजिक लेखापरिक्षण,राज्यवाट निशुल्कः उपलब्ध हुने औषधिहरुको नामावली, ब्यवस्थापन समितिका सदस्यहरु तथा महिला स्वस्थ्य स्वयंसेविकाहरुको फोटो सहितको नामावली, सुझाव पेटिका, आकष्मिक चक्र कोष तथा प्रेषण व्यबस्थापन सम्बन्धी जानाकारी मुलक बोर्ड आदि जस्ता सुशासनका औजारहरुलाई अध्याबधिक गर्ने तथा सर्वसाधारणले देख्नेगरी टाँस गर्न लगाउने ।

(ण) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सवो प्रदायकहरुको सचूी अद्यावधिक तथा प्रकाशन गर्ने । स्वास्थ्यसंस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(त) स्वास्थ्य सेवाको पहँचु भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(थ) गाउँकार्यपालिकालाई स्वास्थ्य क्षेत्रमा आवश्यक राय सुझाव र सल्लाह दिने ।

(द) गाउँपालिकाले स्वास्थ्य कार्यक्रमहरुको लक्ष्य तथा उपलब्धिबारे समिक्षा गर्ने, सुझाव दिने तथा आवश्यक लिखित पृष्ठपोषण सहित योजना तर्जुमा गर्न सहयोग गर्ने ।

(ध) स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्ति, औजार-उपकरण, औषधि तथा औषधि जन्य सामाग्रीको उचित उपयोग, संरक्षण र व्यबस्थापन गर्ने गराउने ।

(न) गाउँपालिकामा स्वास्थ्य क्षेत्रमा कार्यरत स्थानीय निजी तथा गैहसरकारी संघ संस्थाहरुसंग समन्वय तथा आवश्यक साझेदारीका उपायहरू खोज्ने,

(प) जन स्वास्थ्यसंग जोडिएका अन्य क्षेत्रहरूसंग समन्वय गरी एकिकृत रुपमा जनस्वास्थ्यका योजना र कार्यक्रम तर्जुमा गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(फ) गाउँपालिका स्वास्थ्य समिति कार्य सञ्चालन निर्देशिका तयार गरी तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**८. समितिको बैठक र निर्णय सम्बन्धमा :**

(क) समितिको वैठक चौमासीक रुपमा बस्नेछ । आवश्याकता अनुसार समितिको अध्यक्षको निर्देशनमा सदस्य-सचिवले कुनैपनि बेला बैठक बोलाउन सक्नेछन ।

(ख) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना समितिको सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(ग) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(ङ) समितिले आवश्यक ठानेमा जनस्वास्थ्य क्षेत्र सँग सम्बन्धित कुनै व्यक्ति वा सँस्था लाई समितिको बैठकमा बिषेशज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(च) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(छ) सेवा सुविधा तोकिए वमोजिम हुनेछ ।

(ज) उपदफा (१) अन्तर्गतका सदस्यहरूले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि बहुमत सदस्यले कार्यपालिकालाई जानकारी दिई पदवाट हटाउन वा बर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ । यसरी हटाए उपर चित्त नबुझेमा न्यायिक समितिमा उजुरी लाग्नेछ ।

**९. गाउँपालिकाको स्वास्थ्य सेवा शाखा प्रमुखको व्यबस्था :**

(१) गाउँपालिकामा स्वास्थ्य शाखा हेर्न स्वास्थ्य प्राविधिक मध्येबाट वरिष्ठताका, कार्य सम्पादन तथा जनस्वास्थ्य संग सम्बन्धित बिषयमा हाँसिल गरेको शैक्षिक योग्यताका आधारमा कार्यपालिकाले तोकेको एकजना स्वास्थ्य शाखा प्रमुख हुनेछन् ।

(२) स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार अन्यत्र उल्लेख भएको सहित देहाय बमोजिम हुनेछ :

(क) स्वास्थ्य सेवा सम्बन्धी स्थानीय योजना निर्माण गर्ने ।

(ख) कार्यपालिका तथा गाउँ सभाबाट पारित ऐन कानून, नीति नियम कार्यान्वयन गर्न, गराउन क्रियाशिल रहने ।

(ग) गाउँपालिकाको स्वास्थ्य सेवा संग सम्वन्धित कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

(घ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवशायको तथ्याङ्क अद्यावधिक गरी गराई कार्यपालिका, प्रदेश तथा केन्द्रीय निकायमा नियमित रुपमा पठाउने, अद्यावधिक गर्ने गराउने,

(ङ) स्वास्थ्य संस्था सञ्चालन तथा कार्यक्रम कार्यान्वयनका लागि श्रोतको पहिचान संकलन र उपलव्ध स्रोतको यथोचित बाँडफाँड गर्ने गराउने,

(च) गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्था नक्साङ्कन गरी सोको आधारमा स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य व्यवशाय सञ्चालन गर्न अनुमति प्रदान गर्न, सेवा विस्तार एवं थप गर्न कार्य योजना वनाई स्वास्थ्य समिति समक्ष पेश गर्ने र स्विकृत भएपछि कार्यान्वयन गर्ने गराउने ।

(छ)गाउँपालिकाभित्रका स्वास्थ्य  संस्थाहरुमा नागरिक वडापत्र, सार्बजनिक सुनुवाई, सामाजिक परिक्षण,राज्यबाट निशुल्क उपलब्ध हुने औषधिहरुको नामावली, व्यवस्थापन समितिका सदस्यहरुको तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको फोटोसहितको नामावली, महिला स्वास्थ्य स्वयंसेविकाहरुको फोटोसहितको नामावली, स्वास्थ्य सेवाहरुको प्रगति विवरण,सुझाब पेटिका, आकष्मिक चक्र कोष तथा प्रेषण व्यबस्थापन सम्बन्धि जानाकारी मुलक बोर्ड आदि  जस्ता सुशासनका औजारहरुलाई अद्यावधिक गर्ने तथा सर्वसाधारणले देख्नेगरी टाँस गराउने साथै स्वास्थ्य संस्थाहरुको औषधि भण्डारण कक्षको व्यवस्थापन र स्वास्थ्य संस्थाहरुको अभिलेख तथा प्रतिबेदन  प्रणालिलाई चुस्त दुरुस्त बनाउन आवस्यक सहयोग संगै निर्देशन दिने ।

(ज)  स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको व्यवस्थापन गर्ने, स्वास्थ्य संस्थामा कर्मचारीको पदस्थापन, सम्बन्धीकार्यका लागि सिफारिस गर्ने ।

(झ) स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने, १ हप्ता सम्मको विदाहरू स्वीकृत गर्ने,

(ञ) स्वास्थ्य सेवाको गुणस्तर बढाउन स्वास्थ्य संस्था, व्यवस्थापन समिति, तथा अन्य सरोकारवालाहरूको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

(ट)  गाउँपालिकाको स्वास्थ्य समितिको सचिवालयको रुपमा कार्य सम्पादन गर्ने, गराउने

(ठ)  स्वास्थ्य सेवा संग सम्बन्धीत तथा आफ्नो पदिय कार्य गर्दा कार्यपालिका, गाउँ सभा एवं प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्ने, गराउने

## १०. गाउँपालिका स्वास्थ्य अनुगमन समिति गठनः

(१) गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न गाउँपालिका स्वास्थ्य  समितिको मातहतमा रहने गरी स्वास्थ्य अनुगमन समिती गठन गरिने छ । यस समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका उपाध्यक्ष - अध्यक्ष

(ख) सामाजिक बिकास समितिको संयोजक - सदस्य

(ग) गाउँ सभाका सदस्यहरू मध्येबाट अध्यक्षले तोकेको एकजना महिला - सदस्य

(घ) सरकारी/सामुदायिक स्वास्थ्य संस्थाका प्रतिनिधि मध्येबाट गाउँपालिका स्वास्थ्य समितिले तोकेको एकजना - सदस्य

(ङ) गाउँपालिका भित्रका स्वास्थ्य व्यवसायी संघहरु मध्येबाट अध्यक्षले मनोनित गर्ने प्रमुख वा प्रतिनिधि एक जना - सदस्य

(च) स्थानीय उपभोक्ता हित संरक्षण मञ्चको प्रमुख वा प्रतिनिधि एक जना - सदस्य

(छ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) गाउँपालिका स्वास्थ्य अनुगमन समितिको काम, कर्तव्य र अधिकारः- गाउँपालिका स्वास्थ्य अनुगमन समितिको काम, कर्तव्य र अधिकार गाउँपालिका स्वास्थ्य समिति कार्य सञ्चालन निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

**११. गाउँपालिका स्वास्थ्य गुणस्तर सुनिश्चितता सम्बन्धि व्यबस्था :**

(१) गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई गुणस्तरियता कायम गर्न गाउँपालिका स्वास्थ्य समिति मातहत रहने गरि स्तरमा स्वास्थ्य गुणस्तर सुनिश्चितता समिति रहनेछ । यस समितिको गठन देहाय अनुसार हुनेछः

(क) सामाजिक बिकास समितिको संयोजक - अध्यक्ष

(ख) गाउँपालिका रहेको वडाको वडा अध्यक्ष -सदस्य

(ग) गाउँकार्यपालिकाले तोकेको एक जना दलित महिला सदस्य - सदस्य

(घ) गाउँपालिका स्वास्थ्य समितिले तोकेको एक जना मेडिकल अधिकृत वा नर्सिङ प्रतिनिधि - सदस्य

(ङ) उपभोक्ता मध्येबाट १ जना प्रतिनिधि- सदस्य

(च) स्वास्थ्य सेवाको गुणस्तरमा कार्यरत गैर सरकारी संघ संस्थामध्येबाट १ जना प्रतिनिधि-सदस्य

(छ) स्वास्थ्य शाखाको प्रमुख - सदस्य सचिव

(ज) गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत नर्सिङ कर्मचारी_ सदस्य

(२) गाउँपालिका मातहतमा रहेका स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई गुणस्तरियता कायम गर्न गाउँपालिका स्वास्थ्य गुणस्तर सुनिश्चितता समिति र स्वास्थ्य संस्था सञ्चालन तथा व्यबस्थापन समिति प्रति जवफफदेही हुने गरि गाउँकार्यपालिकाले प्रत्येक स्वास्थ्य संस्थामा स्तरमा तोकिए बमोजिमको स्वास्थ्य गुणस्तर सुनिश्चितता समूह गठन गर्न सक्नेछ ।

**१२. गाउँपालिका स्वास्थ्य गुणस्तर सुनिश्चितता समितिको काम, कर्तव्य र अधिकार**

(क) स्वास्थ्य सेवा प्रवाह सम्बन्धि तथ्य/प्रमाण को वारेमा छलफल गरि गुणस्तर सुधार कार्ययोजना निर्माण गर्ने र गाउँपालिका स्वास्थ्य समितीलाई प्रतिवेदन गर्ने ।

(ख) अनिवार्य रुपमा चौमासीक तथा आवश्यकता अनुसार थप वैठक बस्न सक्नेछ ।

(ग) समितिका सदस्यहरूसंग समन्वय गरेर सदस्य सचिवले वैठक बोलाउने र वैठकको सहजीकरण गर्ने ।

(घ) गुणस्तर सुनिश्चिता कार्य समितिको बैठक र यसले गर्ने कार्यहरुको अभिलेख दुरुस्त राख्नको लागि छुट्टै रजिष्टर हुनुपर्दछ ।

(ङ) समितिको नियमित बैठकको उपस्थिति र निर्णयहरु लेख्दा एकरुपताको लागि बैठक अध्यक्षता गर्ने व्यक्ति, मिति, स्थान,उपस्थित व्यक्तिहरुको नाम र दस्तखत, छलफलका विषयहरु, बैठकका बैठक निर्णयहरु सहित कार्ययोजना समेत तयार गर्नु पर्नेछ ।

(च) गाउँपालिका स्वास्थ्य गुणस्तर सुनिश्चितता समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यबस्था**

(१) गाउँपालिका तहमा एक गाउँपालिका आफैंले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल स्थापना गरी सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न गाउँपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित अस्पताल संचालन तथा ब्यवस्थापनका लागि देहाय बमोजिम रहने गरि अस्पताल सञ्चालन तथा ब्यवस्थापन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संरक्षक

(ख) गाउँपालिका भित्र बसोवास गर्ने तोकिएको योग्यता पुगेको व्यक्ती मध्ये कार्यपालिकाबाट मनोनीत व्यक्ति - अध्यक्ष

(ग) सामाजिक बिकास समितिको संयोजक - सदस्य

(घ) सम्वन्धीत अस्पताल रहेको वडाको अध्यक्ष - सदस्य

(ङ) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको व्यक्ति-सदस्य

(च) गाउँपालिका स्वास्थ्य शाखाको प्रमुख- सदस्य

(छ) गाउँकार्यपालिकाबाट मनोनित महिला सदस्य एक जना - सदस्य

(ज) गाउँपालिका तहको अस्पतालको नर्सिङ ईन्र्चाज एक जना- सदस्य

(झ) स्थानिय उद्योग व्यापार संघको अध्यक्ष-सदस्य

(ञ) गाउँपालिका तहको अस्पतालको मे.सु.- सदस्य सचिव

(३) स्थानिय आवश्यकाताको अधारमा गाउँपालिकाले हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको स्तरोन्ती गरी वा नयाँ थप गरि प्राथमिक स्वास्थ्य केन्द स्थापना गरी सञ्चालन गर्न सक्नेछ । यसरी स्थापना भएका प्राथमिक स्वास्थ्य केन्द्र, गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, आयुर्वेद औषधालय र सामुदायिक स्वास्थ्य ईकाईहरुको सञ्चालन तथा ब्यवस्थापनका लागि देहाय बमोजिम समितिको रहनेछ :

(क) गाउँपालिका अध्यक्ष - संरक्षक

(ख) गाउँपालिका भित्र पर्ने सम्बन्धित स्वास्थ्य संस्था अवस्थित वडाको अध्यक्ष - अध्यक्ष

(ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरुमध्येबाट एकजना - उपाध्यक्ष

(घ) सम्बन्धित स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका प्रमुख/प्राचार्य मध्येबाट एक जना महिला - सदस्य

(ङ) स्थानीय व्यापार संघको प्रतिनिधि एकजना - सदस्य

(च) समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना - सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा कार्यालयका कार्यकारी अधिकारी - सदस्य

(ज) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

(४) समितिका पदेन सदस्यहरु संरक्षक, सम्बन्धित वडाका प्रमुख, शिक्षक प्रतिनिधि, गाउँपालिका वा वडाका कार्यकारी अधिकारी र सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुखको पहिलो बैठकले उपदफा (३) बमोजिम मनोनित हुने समितिका थप सदस्यहरुको मनोनयन गर्नेछ ।

(५) उपदफा (३) बमोजिम गठन हुने समितिमा पुरुष अध्यक्ष रहेको अवस्था भएमा महिला उपाध्यक्ष र महिला अध्यक्ष भएको हकमा पुरुष उपाध्यक्षको व्यवस्था गर्नुपर्नेछ । समितिमा प्रतिनिधित्व हुने स्वास्थ्य संस्था रहेको क्षेत्रका विद्यालयका प्रमुख/प्राचार्य मध्ये एक जना महिला मनोनित हुने प्रावधान अनुसार महिला प्रमुख/प्राचार्य नभएको अवस्थामा व्यवस्थापन समितिले स्वास्थ्य क्षेत्रमा योगदान दिनसक्ने महिला शिक्षिकाहरु मध्येबाट एकजना मनोनित गर्न सक्नेछ ।

(६) व्यवस्थापन समितिको बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ,

क. दलित जनजातिबाट १ जना

ख. अपांग, अशक्त वा जेष्ठ नागरिकहरु मध्येबाट १ जना

ग. किशोरकिशोरीहरुको तर्फबाट १ जना

(७) गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने नीजि, गैर सरकारी तथा दातृ संस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको वैठकमा आमन्त्रितको रुपमा संलग्न गराउन सकिने छ ।

(८)गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुने व्यवस्थापनका लागि पहिले गठित स्वास्थ्यसंग सम्बन्धित अन्य समितिहरुको विघटन गरी ती समितिहरुले गरी आएको कार्य पनि यसै ऐनमा व्यबस्था भए अनुसार गठीत समितिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## १४. स्थानिय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार

(१) स्थानिय स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार निम्नानुसार हुनेछन् :

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा (Basic Health Care Package) प्रबाह र सेवाको न्यूनतम मापदण्ड (Minimum Service Standard) कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (झ) मा भएको गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसंग सम्बन्धित (बुंदा १ देखि १२) कार्यक्रमहरुको आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु (बुंदा १ देखि १७) आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने (अनुसूचि २) ।

(घ) स्वास्थ्यको बृहत् सामाजिक निर्धारक तत्वहरुको (Wider Social Determinants of Health) कारणवारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारवाट मानिसको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्न र नसर्ने रोगहरुवाट वच्न जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागु गर्न नेतृत्व प्रदान गर्ने ।

(ङ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरीव र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने ।

(च) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायकर स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(छ) स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र यसको उपयोगिताको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत समेत गर्ने ।

(ज) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्व–मूल्यांकनका आधारमा आवश्यक स्थानीय बित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने ।

(झ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । रेकर्डिङ्गं तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

(ञ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ट) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(ठ) विद्युतीय स्वास्थ्य (e-Health) को अवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागु गर्दै जाने । सोको कार्यान्वयनका लागि गाउ‘‘पालिका अन्तर्गतका गाउँपालिका स्वास्थ्य समिति र स्वास्थ्य शाखा संग आवश्यक समन्वय गर्ने ।

(ड) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(ढ) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल पाँच वर्षको हुनेछ ।

(३) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन स्वास्थ्य समितिको सिफरिसमा कार्यपालिकाले गर्नेछ ।

(४) कुनै पनि व्यक्ति एक भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन । तर पदेनको हकमा यो लागु हुने छैन ।

**१५. बैंक खाता सञ्चालन :** हरके स्वास्थ्य संस्थाले बैंकं खाता खोल्न सक्ने छ ।

(१) स्वास्थ्य संस्थाको वैंक खाता ब्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**१६. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन गर्न सकिने:**

(१) कुनै पनि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी गाउँपालिकाको स्वास्थ्य समितिले कारण सहित कार्यपालिकामा सिफारिश गरेमा सोको कारण खुलाई कार्यपालिकाले तोकिएको प्रक्रिया पुरा गराई स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई विघटन गर्नसक्नेछ । तर यसरी विघटन गर्नु अघि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन भएपछि अर्को समिति गठन नभएसम्म वा अन्य कुनै कारणले समिति गठन नभएसम्म कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

**१७. स्वास्थ्य संस्था सञ्चालन कार्यविधि:**

(१) यो ऐन तथा प्रचलित कानूनको अधीनमा रही प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया, सेवा लिन आउने नागरिकले पाउने सेवाको विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेस गरिएको कार्यविधि पारित गराई स्वास्थ्य सेवा समन्वय समितिको स्विकृतीमा लागु गर्नु पर्नेछ ।

(२) कार्यविधि अनुसार स्वास्थ्य संस्था सञ्चालन गर्न सहयोग पुऱ्याउनु स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति तथा अन्य सबैको कर्तव्य हुनेछ ।

(३) कार्यविधिको पारित भएको मितिबाट १ महिना भित्र गाउँपालिका स्वास्थ्य समिति मार्फत कार्यपालिका पेश गरी स्विकृती लिनु पर्नेछ ।

## परिच्छेद - ३
## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वंयम सेवा सम्बन्धी व्यवस्था

**१८.कर्मचारी व्यवस्थापन :**

(१) गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा तेरिज अनुसारको रिक्त पदमा जनशक्ति करारमा भर्ना गर्न सक्नेछ ।

(२) स्थानिय स्रोतबाट करारमा भर्ना भइ कार्यरत रहेका कर्मचारीको सेवा, सर्त र सुविधा गाउपालिकाले तोके बमोजिम हुनेछ ।

(३) गाउँपालिका भित्रका सरकारी स्वास्थ्य संस्था मार्फत् आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(क) स्थायीः गाउँपालिकाको सेवामा रहेका, नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु,

(ख) करारः स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(ग) अभ्यासकर्ता : स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत बिद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा आर्जन गरेका बिद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्य कर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकतालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सक्ने छ ।

(घ) स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु ।

**१९. स्वास्थ्य अभियानकर्ता तथा महिला स्वास्थ्य स्वयं सेविकाको व्यबस्थाः** स्वास्थ्य सेवालाइ घरघरको पहँचुमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले स्वास्थ्य आमा समुहको छनौटमा वडा समितिको सिफारिसमा तथा महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ । गाउँपालिका स्वास्थ्य समितिको सिफारिसमा गाउँपालिकाले तोकिएको प्रक्रिया पुरा गरि स्वास्थ्य अभियानकर्ता नियुक्ती गरि परिचालन गर्न सक्नेछ ।

(१) महिला स्वास्थ्य स्वयंसेविका नियूक्तिका लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेका सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्नेछ ।

(२) एउटा वडामा प्रति १००० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयं सेविका रहने गरिस्वास्थ्य आमा समुह र वडा समितिले गाउँपालिका स्वास्थ्य समिति समक्ष गर्न सिफारिस सक्नेछ ।

(३) प्रत्येक स्वयं सेविकाले आधारभूत स्वास्थ्य सम्वन्धी १८ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यस भन्दा पहिलेदेखि नै कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरु ६० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी बिदाइ गरिनेछ र नयाँ नियुक्त गर्दा कम्तीमा माध्यमिक शिक्षा परीक्षा उतिर्ण वा सो सरहलाई मात्र नियुक्ति दिइने छ ।

(५) कुनै पनि संस्थामा कार्यरत तलवी कर्मचारी, शिक्षक, निर्वाचित जनप्रतिनिधिले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्य गर्न पाइने छैन ।

(६) स्वास्थ्य अभियानकर्ता तथा महिला स्वास्थ्य स्वयं सेविका सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**२०. स्वास्थ्यकर्मीको सेवा सुविधाः**

(१) स्थायी स्वास्थ्यकर्मीः नेपाल सरकारले तोकेको स्केल वमोजिम तलव र गाउँकार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा उपलब्ध हुनेछ ।

(२) करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मीः निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकम सम्म उपलव्ध गराउन सकिने छ ।

(४) महिला स्वास्थ्य स्वयंसेविका : पोशाक, वार्षिक रुपमा तोकिए बमोजिम सञ्चार तथा यातायात खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको तोकिए बमोजिमको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाइएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

(५) स्वास्थ्यकर्मीको बिदा र सेवा सुविधा सम्वन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिमको हुनेछ ।

**२१. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण, नियुक्ति, बढुवा र सरुवाः** सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको न्यूनतम दरवन्दी नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ । आवश्यकताको आधारमा गाउँकार्यपालिकाले थपघट गर्नेछ ।

(१) नेपाल सरकारले निर्धारण गरेको दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन् । समायोजन भई नआएमा वा थप कमर्चारीको आवश्यकता परेमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी, कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(२) स्वास्थ्य संस्थामा रिक्त करार, स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताको नियुक्तिको व्यवस्था कार्यपालिकाको निर्णय अनुसार गाउँपालिकाको करार कर्मचारी छनोट समितिले गर्नेछ ।

(३) गाउँपालिका भित्र सरुवाका लागी निवेदन दिने स्थायी, अस्थायी, करारमा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकताको सरुवा तथा पदस्थापन सरुवा भएर जाँदा र आउदा सेवग्राहिले पाउनु पर्ने सेवामा बाधा नपर्ने गरी आवश्यकता र औचित्यको आधारमा तोकिए बमोजिमको प्रक्रिया अपनाई अध्यक्षको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सरुवा गर्दा दरवन्दी अनुसारका पदहरुमा कार्यरत स्थायी कर्मचारीहरुको हकमा सोही दरवन्दी भएको ठाउँमा मात्र गर्न पाईने छ ।

(५) संघ तथा प्रदेश लोक सेवा आयोगबाट सफल भई सिफारिश भएका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्तालाई प्रमुख प्रशासकीय अधिकृतले विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काममा लगाउनु पर्नेछ

(६) स्वास्थ्यकर्मीको सरुवा, बढुवा सम्वन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिमको हुनेछ ।

**२२. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने

कर्मचारीलाई पुरस्कृत गर्ने र कार्यसम्पादन सन्तोषजनक नभएमा कारण सहित लिखित स्पष्टिकरण लिनु

पर्नेछ ।कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय प्रचलित कानुन तथा तोकिए बमोजिम हुनेछ

(४) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य अनुगमन समितिले तयार पारी

गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(५) चिकित्सक, चिकित्सा सहायक एवं सहयोगी तथा सो संग सम्वन्धित प्राविधिक कर्मचारीलाई अन्य काममा लगाउन पाईने छैन ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सेवामा बाधा नपर्ने गरी संघीय, प्रदेश र गाउँपालिकाले बनाएको स्वास्थ्य सम्बन्धि ऐन नियममा अन्यथा भए बाहेक गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई समान पदमा काजमा खटाउन तथा सरुवा गर्न सक्नेछ ।

(७) उपदफा (१) अनुसार नियूक्त हुनेको योग्यता र सेवा सर्त सुविधा प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

(८) अन्यत्र जेसुकै लेखिएतापनि आफ्नो क्षमता र कामका आधारमा कार्यपालिकाले तयार गरेको सेव सुविधा र सर्तहरु करारमा उल्लेख गरी करार कर्मचारी नियूक्ति गर्न सकिनेछ ।

**२३. पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) देहायका अवस्थामा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्तालाई पदबाट हटाउन गाउँपालिकाको स्वास्थ्य समितिले कार्यपालिका समक्ष सिफारिश गर्नेछ । सो उपर अनुगमन प्रतिवेदनका आधारमा कार्यपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछ ।

(क) तोकिए बमोजिम पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय तोकिएको स्वास्थ्य संस्थामा अनुपस्थित भएमा,

(ग) स्वास्थ्य संस्थामा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) कार्यालय समयमा अन्यत्र सेवा वा अन्य व्यवसायीक क्रियाकलाप गरेमा,

(च) राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको पाइएमा,

(छ) व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

स्पष्टीकरणः यस खण्डको प्रयोजनकालागी कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै स्वास्थ्यकर्मी वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ, तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिने छ ।

**२४. अदालतको आदेशबाट पुनःबहाली हुन सक्नेः**

(१) दफा (२२) मा उल्लेख भएका कुनै आरोप वा अन्य कुनै आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त भएको स्वास्थ्यकर्मी, कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको स्वास्थ्यकर्मी, वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनःबहाली भएको मिति सम्मको पुरा तलब ,भत्ता, तलब बृद्धि तथा अन्य सुविधा पाउन योग्य भए सो समेत पाउनेछ ।

**२५. तलबभत्ता नपाउने र सेवा अवधी गणना नहुनेः** नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्था र दफा २३ को उपदफा (२) वमोजिम बाहेक आफु कार्यरत रहेको स्वास्थ्य संस्थमामा अनुपस्थित रहेका र बेतलवी बिदामा रहेका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताले अनुपस्थित अवधीको तलब भत्ता तथा अन्य सुविधा पाउने छैन र सो अवधी सेवामा गणना समेत हुनेछैन ।

**२६. स्थायी आवासीय अनुमति लिन नहुनेः** गाउँपालिकाको स्वामित्व रहेको स्वास्थ्य संस्थामा कार्यरत कुनै स्वास्थ्यकर्मी तथा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन पाईने छैन । स्थायी आवासीय अनुमति लिएका स्वास्थ्यकर्मी तथा कर्मचारीलाई सेवावाट वर्खास्त/खारेज गरी थप दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ४
## स्वास्थ्य संस्था संचालन अनुमति वा स्वीकृति, र खारेजी सम्वन्धी व्यवस्था

**२७. स्वास्थ्य संस्था संचालन अनुमति लिनुपर्नेः**

(१) गाउँपालिका क्षेत्र भित्र निजी क्षेत्र वा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल, पोलिक्लिनिक, प्रयोगशाला, फार्मेशी जस्ता स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन गर्न चाहेमा सोको अनुमति गाउपालिकाले दिन सक्नेछ। अस्पतालको हकमा १५शैया सम्मको अस्पताल सञ्चालन अनुमति गाउपालिकाले दिनसक्नेछ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि सम्बन्धित व्यक्ति वा संस्थाले गाउपालिका द्वारा तोकिएको विवरण खुलाई तोकिएको प्रकृया पुरा गरी गाउपालिकामा अनुमतिका लागि निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा सो निवेदन उपर उप-समिति मार्फत आवश्यक स्थलगत अनुगमन तथा जाँचवुझ गरी राय सहितको प्रतिवेदन समिति समक्ष पेश गर्नुपर्नेछ । सोहि प्रतिवेदनका आधारमा समितिको सिफारिसमा स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनका लागि अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी कार्यपालिकाले निर्णय गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमति लिई स्थापना गरिएको स्वास्थ्य संस्थाले तोकिएका सर्त बन्देज पालना गरेको देखिएमा सेवा संचालनका लागि समितिको सिफारिशमा कार्यपालिकाको निर्णयले स्वीकृति प्रदान गर्नेछ।

(५) गाउँपालिकाको स्वामित्वमा रहने वाहेकका अन्य कुनै पनि स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय सरकारी वा सार्वजनिक जग्गा भवनमा सञ्चालन गर्ने अनुमति दिइने छैन।

(६) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक वा सर्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसाय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :

(क) गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङगठित संस्थाको रूपमा हुनु पर्ने

(ख) गुठी सञ्चालन गर्दा सार्वजनिक गुठी भए ट्रष्टमा कम्तीमा ७ (सात) जना सदस्य हुनु पर्ने,

(ग) आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) सार्वजनिक गुठीको तत्काल कायम रहेका ट्रष्टले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन । त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको पुर्व स्वीकृति लिनु पर्ने,

(६) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्यवाट स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसाय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृयाबाट स्वीकृति लिई सार्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसाय सञ्चालन गर्नसक्नेछ।

(७) उपदफा (६) बमोजिम सञ्चालित स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसायले पालना गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) नेपाल सरकारको प्रचलित कानून वमोजिम अनुमती/स्विकृती प्राप्त गरी संञ्चालनमा रहेका हाल गढवागाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसाय यसै ऐन अनुसार स्थापन भएको मानिनेछ । त्यस्ता संस्थाहरुले यो ऐन जारी भएको मितीले ३ (तीन) महिना भित्र दर्ता नियमित गर्न/गराउन कार्यपालिकामा तोकिएको ढाँचामा संम्पुर्ण विवरण सहितको निवेदन पेश गर्नु पर्नेछ ।

(९) स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसाय दर्ता तथा सञ्चालन प्रचलित कानून र तोकिए बमोजिम हुनेछ ।

**२८. अनुमति वा स्वीकृति रद्ध गर्नेः**

दफा २७ को उपदफा (१) बमोजिम खोलिएका कुनै पनि नीजि, सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसाय वाट यो ऐन र अन्तर्गत बनेको नियमावली विपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो कुनै नीजि स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायलाई प्रदान गरेको अनुमति वा स्वीकृति गाउँपालिकाको स्वास्थ्य समितिको सिफारिशमा रद्ध गर्नसक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सफाई पेशगर्ने मौका दिइनेछ । खारेजी उपर चित्त नबुझे न्यायिक समितिमा उजुरी लाग्नेछ ।

## परिच्छेद - ५
## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

**२९. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड**

(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा आउने स्वास्थ्य संस्थाको मापदण्ड निर्धारण गर्न सक्नेछ ।

(२) गाउँपालिकाले मन्त्रालयले तोकेको मापदण्ड अनुसारको १५( पन्ध्र) शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ ।

(३) गाउँपालिकाले प्रत्येक वडामा कम्तिमा एउटा स्वास्थ्य संस्था रहने गरी र जनसंख्या तथा भूगोलको आधारमा थप गर्न आवश्यक रहेमा मन्त्रालयले तोकेको मापदण्ड अनुसारको पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी वा आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(४) गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा, ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा निजी क्षेत्रसँगको साझेदारीमा वा गाउँपालिका आफैंले आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र मन्त्रालयले तोकेको मापदण्ड अनुसारको पूर्वाधार पूरा गरी स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(५) कुनै पनि स्वास्थ्य सेवा प्रदान गर्ने संस्था स्थापना र सञ्चालन सम्बन्धीका मापदण्डहरू प्रदेश वा संघीय सरकारले तय गरे बमोजिम समेतको हुनुपर्नेछ ।

(१) अस्पताल : गाउँपालिका आफैले तोकिएको मापदण्डमा १५(पन्ध्र) शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न गाउँपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

(२) स्वास्थ्य चौकी : गाउँपालिकाले प्रत्येक वडा अर्थात ,जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी वा आधारभुत स्वास्थ्य केन्द्र सञ्चालन गर्नुपर्नेछ ।

(क) जनशक्तिः नेपाल सरकारबाट तोकिएको न्यूनतम मापदण्ड बमोजिमको दरबन्दी अनुसारको जनशक्ति रहनेछ । आवश्यकता अनुसार गाउँपालिकाको थप मापदण्ड र जनशक्ति थप घट गर्न सक्नेछ ।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन ।

(ग) उपकरणः प्राथमिक उपचारका आधारभूत उपकरण आदि ।

(३) आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र : गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा, ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँको साझेदारीमा वा गाउँपालिका आफैंले कम्तीमा एउटा आयुर्वेद र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ ।

(क) जनशक्ति नेपाल सरकारबाट तोकिएको दरवन्दी अनुसारको जनशक्ति हुनेछ । गाउँपालिकाले थप जनशक्ति ताक्न सक्नेछ ।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, पूर्वकर्म कक्ष जस्ता सुविधा सहितको भवन ।

**३०. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्ने ।**

(१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा १५(पन्ध्र) शैया सम्मको सञ्चालन अनुमति गाउँपालिकाले दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्नेगरी आशय-पत्र प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगर कार्यपालिकाले दुई बर्षभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।

(७) आशयपत्रमा उल्लेख गरिएको समय सीमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान गरिने छैन ।

(८) गाउँपालिकाले नगर क्षेत्रमा संचालित सबै निजी स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न सक्नेछ ।

**३१. अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्डः** गाउँपालिकाको स्वीकृतिमा सञ्चालन हुने १५ शैया सम्मका अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्तिः कम्तीमा २ जना MBBS डाक्टर, कम्तीमा ४ जना स्टाफ नर्स, कम्तीमा एक जना ल्याव टेक्निसियन, ४ जना स्वास्थ्य सहायक, ४ जना अ.हे.व., ४ जना अ.न.मी र ४ जना कार्यालय सहयोगी ।

(२) भवन तथा कोठाः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, फार्मेसी हुनुपर्ने ।

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्शिजनको व्यवस्था, चिकित्साजन्य फोहर ब्यवस्थापनको प्रणाली भएको हुनुपर्नेछ ।

(४) अन्य पूर्वाधारहरु तोकिए बमोजिम हुनेछ ।

(५) गाउँपालिकाले थप मापदण्ड तोकी लागु गर्न सक्नेछ ।

**३२. पोलिक्लिनिक सञ्चालनको अनुमतिः**

(१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गरी स्वीकृति लिनु पर्नेछ ।

**३३. मेडिकल प्रयोगशाला सञ्चालनः** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र,

(२) प्रयोगशाला सञ्चालन गर्ने स्थान, घरधनी र संचालक बीचको घरभाडा सम्बन्धी संझौता पत्र,

(३) प्याथोलोजी विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम १५ महिना अध्ययन गरी स्वास्थ्य व्यबसायी परिषदबाट लाइसेन्स प्राप्त गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र ,

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार,

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण ,

(६) प्रस्तावित लागत

**३४. फार्मेसी सञ्चालनको अनुमतिः**

(१)फार्मेसी सञ्चालन गर्ने व्यक्ति वा फमले गाउँपालिकामा अनुमतिको लागि निवेदन पेश गर्दा तोकिएको मापदण्ड पूरा गरीऔषधी व्यवस्था बिभागबाट स्वीकृति लिएका फार्मेसी सञ्चालन अनुमतिपत्र पेश गर्नुपर्नेछ ।

**३५. मापदण्ड पूरा नगरेमा सजाय हुनेः**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, तोकिए बमोजिम जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइने ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने,
जरिवानातिराउनेदेखिअनुमतिखारेजगर्नसकिने ।

(४) स्वास्थ्य सेवा प्रदान गर्दा सम्बन्धित स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको स्वास्थ्यकर्मीले मात्र सेवा प्रदान गर्नुपर्नेछ । अन्यथा प्रचलित कानून बमोजिम दण्ड जरिवाना देखि अनुमति खारेज समेत गर्न सकिनेछ ।

**३६. सहुलियत र छुटको व्यवस्था गर्नुपर्नेः**

(१) सामुदायिक, निजी, ट्रष्ट वा लोककल्याणकारी संस्था द्वारा सञ्चालित स्वास्थ्य संस्थाहरुले
कुल सेवाग्राहीको कम्तीमा १० प्रतिशत गरिब, विपन्न, असहाय, अपाङ्ग, सिमान्तकृत लगायतका
सेवाग्राहीहरूलाई निःशुल्क सेवा प्रदान गनपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दिइएको सेवाको आधार सहितको विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद ६
## स्वास्थ्य वित्त तथा सामाजिक सुरक्षा सम्वन्धी व्यवस्था

३७. **स्वास्थ्य सेवाको लागि बित्त ब्यवस्थापन** :

(१) नागरिकलाई सबै प्रकारका गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न गाउँपालिकाले कुल वार्षिक बजेटको कम्तिमा १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रमा छुट्याउनु पर्नेछ । यस्तो बजेट आवश्यकता अनुसार बार्षिक रूपमा बृद्धि गर्दै लैजानु पर्नेछ ।

(२) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकासमा सहयोग पु¥याउन तथा त्यस्ता संस्थामा, मर्मत सम्भार तथा गुणस्तर अभिवृद्धि गर्न गाउँपालिकामा स्वास्थ्य सेवा विकास कोष स्थापना गर्न सकिनेछ । यस्तो कोषको सञ्चालन तथा व्यवस्थापन विधि कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

३८. **आकस्मिक स्वास्थ्य सेवा कोषः**

(१) गाउँपालिका मातहतमा रहेका स्वास्थ्य संस्थाहरुमा संचालन तथा लेखा प्रणालीको व्यवस्थापन हुने गरी आकस्मिक स्वास्थ्य सेवा कोष स्थापना गर्न हुनेछ ।

३९. **शुल्क सम्वन्धी व्यवस्थाः**

(१) आधारभुत स्वास्थ्य सेवा अर्न्तगत उयमहानगरपालिका मातहतका कुनै पनि स्वास्थ्य संस्थाबाट कुनै पनि किसिमको शुल्क लिन पाईने छैन ।

(२) गाउँपालिकाको स्वामित्व भएका स्वास्थ्य संस्थावाट निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागी गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि गाउँपालिकाले आफ्नो पहलमा आधारभूत स्वास्थ्य सेवा बाहेकका सेवामा थप सेवा दिँदा श्रोत र सामर्थ्य नपुगी सेवा तथा वस्तु खरिद, उपयोग, सञ्चालन र व्यवस्थापनका लागि समितिको सिफारिसमा कार्यपालिकाले निर्धारण गरेको सेवा शुल्क लागु गर्न सक्नेछ ।

(४) सामुदायीक, निजी तथा लोक कल्यकाणकारी स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने स्वास्थ्य सेवाको शुल्क सेवा र गुणस्तरको आधारमा नगर स्वास्थ्य समितिको सिफारीसमा कार्यपालिकाले निर्धारण गरि स्थानीय राजपत्रमा प्रकाशन गरी लागु गर्न सक्नेछ ।

(५) यस ऐन विपरीत शुल्क लिने स्वास्थ्य संस्थालाई लिएको शुल्कको प्रकृति हेरी पहिलो पटकमा दश हजार रूपैयाँ देखी एकलाख रुपैयाँसम्म जरिवाना र दोहोरिदै गएमा प्रत्येक पटक दोब्बर जरिवाना गर्न सक्नेछ ।

४०. **स्वास्थ्य संस्थाको सम्पत्तिः**

(१) गाउँपालिकाको स्वमित्वमा आएको र आउने स्वास्थ्यसंस्थाको नाममा रहेको चल अचल सम्पत्ति गाउँपालिकाको सम्पत्ति हुनेछ । गाउँपालिकाले प्रयोगमा आउने वाहेक अन्य सम्पती प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम गाउँपालिकाको स्वास्थ्य सेवा विकास कोषमा जम्मा गर्नुपर्नेछ ।

(२) सार्वजनिक गुठी अन्तर्गत सञ्चालित संस्थाको सम्पत्ति सोही गुठीको नाममा रहनेछ । कुनै स्वास्थ्य संस्था सार्वजनिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) निजि स्वमित्वमा सञ्चालित स्वास्थ्य संस्थाहरुको सम्पत्ति सम्वन्धित व्यक्ती वा निकायको स्वमित्वमा रहनेछ ।

(४) निजि स्वमित्वमा सञ्चालित स्वास्थ्य संस्थाहरुले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको पुर्व स्वीकृति लिनु पर्नेछ । तर

विदेशी व्यक्ति वा संघसंस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्न गाउँपालिकाको सिफारीसमा संघीय सरकारवाट पुर्व स्वीकृति लिनु पर्नेछ ।

(५) संघीय सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति संघीय सरकारको स्वीकृति बेगर र गाउँपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति गाउँपालिकाको स्वीकृति बेगर बेचविखन तथा अन्यथा गर्न पाइने छैन ।

४१. **छुट र सुविधाः**

(१) सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थाको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको वाहेक अन्य संस्थाको नाममा कुनै लिखित पारित गर्दा कार्यपालिकाले निर्धारण गरे बमोजिमको रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सरकारी, सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थालाई दिइने अन्य छुट र सुविधा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

४२. **सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनः**

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) गाउँपालिकाभित्र रहेका एकल महिला, बालबालिका, असहाय, अपाङ्ग, अति बिपन्न तथा अन्य लक्षित समुहलाई बिशेष सामाजिक स्वास्थ्य सुरक्षाको ब्यवस्था मिलाउनुपर्नेछ ।

(३) गाउँपालिकाले आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु तय गरी सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद ७
## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्वन्धी व्यवस्था

४३. **बार्षिक खरिद योजना बनाउनु पर्नेः**

(१) आफ्नो क्षेत्रभित्र बार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिद तथा व्यवस्थापन गर्न बार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) बार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद समितिले तयार गर्नेछ ।

४४. **औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिदः**

(१) औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिदका लागि गाउँपालिका स्वास्थ्य नियमानुसार प्रक्रिया पुरागरि अगाडी बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरण खरिद गर्दा स्वास्थ्य संस्थाको तह अनुसार सबै स्वास्थ्य संस्थाहरूमा बर्ष भरी पुग्ने गरी सेवा प्रदान गर्नका लागि मन्त्रालयले तोके अनुसारका औषधी खरिद गर्नु पर्ने छ । साथै आवश्यकता अनुसार गाउँपालिकाले थप औषधी खरिद गर्न सक्ने छ ।

(३) गाउँपालिकाले आफ्नो मातहतका सबै स्वास्थ्य संस्थाहरूमा बर्ष भरी पुग्ने गरी मन्त्रालयले तोके
अनुसारका औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिद गर्नु पर्नेछ ।

(४) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधिको कूल परिमाण र मूल्य खरिद मितिको एक हप्ताभित्र सार्वजनिक गर्नु पर्नेछ ।

**४५.औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको भण्डारण र वितरणः**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको लागि तोकिएको मापदण्ड पुरा हुने गरि छुट्टै भण्डारण कक्षको व्यवस्था गर्नुपर्नेछ ।

(२) गाउँपालिकाले आफ्नो मातहतका सबै स्वास्थ्य संस्थाहरूमा कुनै पनि समय औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको अभाव हुन नदिन समयमा नै उचित वितरण तथा व्यवस्थापन गर्नुपर्ने छ ।

(३) सम्वन्धित स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी बितरण सम्वन्धी विस्तृत बिवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित गाउँपालिका स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

## परिच्छेद ८
## स्वास्थ्य सेवाको गुणस्तर सम्वन्धी व्यवस्था

४६. **स्वास्थ्य सेवाको गुणस्तर तोक्न सक्नेः**

(१) गाउँपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गुणस्तर निर्धारण गर्दा गाउँपालिकाको अनुगमन उप-समितिले न्युनतम सेवा मापदण्ड र राष्ट्रिय चिकित्सा मापदण्ड अनुरुप हुने गरी निर्धारण गर्नुपर्नेछ ।

(३) अनुगमन उप-समितिले नियमित रुपमा गाउँपालिकाक्षेत्राधिकार भित्र रहेका सम्पुर्ण स्वास्थ्य संस्थाहरुको गुणस्तर लेखाजोखा गर्नुपर्नेछ ।

## परिच्छेद ९
## आपतकालिक स्वास्थ्य सेवा प्रवाह तथा संक्रामक रोग व्यवस्थापन सम्बन्धि व्यवस्था

४७. **आपतकालिक स्वास्थ्य सेवा तथा व्यवस्थापनः**

(१) गाउँपालिकाले घोराही स्वास्थ्य सेवा योजना, स्वास्थ्य क्षेत्र विपद तथा प्रतिकार्य योजना तयार गरि लागु गर्नेछ ।

(२) आपतकालिन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुराउन द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकिय समुह परिचालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकिय समुहको गठन, परिचालन तथा श्रोत व्यवस्थापन सम्बन्धि व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) गाउँपालिका स्तरमा विपद व्यवस्थापन केन्द्र स्थापनका तथा संचालन गर्न सकिनेछ यसरी विपद व्यवस्थापन केन्द्र संचालन गर्दा प्रदेश तथा नजिकको स्थानीय तहसँगको समन्वयमा सञ्चालन गर्नु पर्नेछ ।

४८. **संक्रामक रोग रोकथाम तथा व्यवस्थापनः**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई संक्रामक रोग लागेमा सो को जानकारी २४ घण्टाभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयमसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेको थाहा हुन आएमा सो को जानकारी ५ दिनभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य महिला स्वास्थ्य स्वयम सेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको बिवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा प्रविष्टि गराउनु पर्नेछ ।

(४) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सो को प्रभावक्षेत्र निर्क्यौल गरी विद्यालय वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(५) महामारीबाट थप क्षति हुन नदिन आवश्यक सतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार समक्ष अनुरोध गरी प्रभावकारी रुपमा परिचालन गर्नु पर्नेछ ।

## परिच्छेद १०
## जनस्वास्थ्य संरक्षण, प्रवर्धन तथा वातावरणिय स्वास्थ्य सम्बन्धी व्यवस्था

४९. **जनस्वास्थ्य प्रवर्धनः**

(१) खाद्यान्न, तरकारी तथा फलफुल, दुग्धजन्य पदार्थ, मासु जन्य पदार्थ, पानी लगायतका उपभोग्य वस्तुको उत्पादन,भण्डारण तथा बिक्रि वितरणलाई स्वच्छ र गुणस्तरीय बनाउन गाउँपालिकाले न्युनतम गुणस्तर मापदण्ड तोक्न सक्नेछ ।

(२) जनस्वास्थ्य मैत्री आवस तथा पुर्वाधार निमार्ण, जनस्वास्थ्यलाई प्रभावित पार्ने विज्ञापन तथा प्रचार प्रसार, सामाजिक संस्कृतिक अन्धविश्वास लाई नियमन गर्न गाउँपालिकाले आवश्यक कानून बनाई लागु गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य प्रवर्धनका लागि गाउँपालिका क्षेत्रमा रहेका रणनितिक स्थानहरुमा सावजनिक शौचालय, योग तथा व्यायमशालाहरु, खुल्ला स्थान तथा खेल मैदानहरु, हरित उद्यान लागायतका सेवा तथा संरचनाहरु स्थापना तथा संचालन गर्नुपर्ने छ ।

(४) पेशागत स्वास्थ्य सुरक्षालाई व्यवस्थित र मर्यादित बनाउन गाउँपालिकाले आवश्यक मापदण्ड तयार गरि लागु गर्न सक्नेछ ।

(५) जनस्वास्थ्य प्रवर्धन सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

५०. **वातावरणिय स्वास्थ्य तथा सरसफाइः**

(१) ध्वनी, बायु, जल तथा दृश्य प्रदुषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्युनिकरण गर्न गाउँपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(२) गाउँपालिकाको स्वास्थ्य शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक बर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराई लागु गर्नु पर्नेछ ।

(३) एक परिवारको शौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नु पर्नेछ ।

(४) शहरी तथा अर्ध शहरी क्षेत्रमा निष्कासित फोहरमैला पूनः प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

(५) स्वास्थ्यजन्य फोहोरमैला संकलन, प्रशोधन, विर्सजन र नियमनको लागि प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ । आफ्नो स्वास्थ्य संस्थाबाट उत्पन्न भएको फोहोरमैला तोकिएको मापदण्ड अनुरुप व्यवस्थापन गर्नु सम्बन्धीत संस्थाकै दायित्व हुनेछ ।

(६) गाउँपालिकाका स्वास्थ्य शाखाले संघ र प्रदेशबाट प्राप्त भएका तथा स्थानिय स्तरबाट उत्पादित स्वास्थ्य शिक्षा, सुचना तथा संचार सामाग्रीहरूको वितरण कार्यलाई जोड दिई स्वास्थ्य र सरसफाई सम्बन्धी सामाजिक व्यवहार परिर्वतन कार्यलाई निरन्तरता प्रदान गरी प्रभावकारी व्यवस्थापन गर्नुपर्ने छ ।

५१. **सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरण गर्न बन्देज गरिनेछ ।

(३) सुर्ती , मदिरा र लागु पदार्थजन्य वस्तुको विक्री बितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ ।

(५) मदिरा, चुरोट, सुर्ती तथा सुर्तीजन्य पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकुल असर गर्ने कुनै पनि सामाग्री तथा सेवा तर्फ आकर्षित गर्ने गरी विज्ञापन सामाग्रीको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न पाईने छैन ।

## परिच्छेद- ११
## स्वास्थ्य सेवा प्रवाहमा सुशासन

५२. स्वास्थ्य सेवामा सुशासनः

(१) गाउँपालिकाले आफ्नो तथा आफू मातहतका स्वास्थ्य संस्थाहरूको बर्षभरी प्रदान गरेको स्वास्थ्य सेवाको सामाजिक लेखा परिक्षण गराउनु पर्नेछ ।

(२) गाउँपालिकाले स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको कार्यक्षेत्रमा हुने हिंसा रोक्न र सुरक्षा प्रदान गर्न बहुपक्षीय समन्वय गरी उचित ब्यवस्था गर्नु पर्नेछ ।

(३) गाउँपालिका र आफू अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा नागरिकहरूको स्वास्थ्य सेवा पाउने र सो सम्बन्धी सुसूचित हुने हकलाई सुनिश्चित गर्न नागरिक बडापत्र अनिवार्य राख्नु पर्नेछ । यस कार्यको लागि अन्य सञ्चारको साधन समेतको प्रयोग गर्न सक्नेछ

(४) गाउँपालिका वा यस अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा नागरिक वा सेवाग्राहीको सुझाव तथा गुनासोलाई सम्बोधन गर्न सुझाव सङ्कलन र सोको उचित सम्बोधन गर्ने संयन्त्रको विकास गर्नु पर्नेछ ।

## परिच्छेद- १२
## स्वास्थ्य अनुसन्धान, सूचना ब्यवस्थापन, अनुगमन तथा मुल्याङ्कन

५३. **स्वास्थ्य अनुसन्धान** :

(१) गाउँपालिकाले स्वास्थ्य सेवासँग सम्बन्धित बिषयमा अध्ययन,अनुसन्धान तथा खोजको ब्यवस्था गर्न सक्नेछ ।

(२) गाउँपालिकाले नगर भित्र उपलब्ध औषधी जन्य जडीवुटीको अध्ययन अनुसन्धान गरी यसका संरक्षण, बिकास, उपभोग गर्न बहुपक्षीय सहकार्य गर्न छुट्टै कार्यविधि बनाई कार्य गर्नेछ ।

५४. **सूचना ब्यवस्थापन** :

(१) स्वास्थ्यशाखाले स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली तथा आपूर्ति व्यवस्थापन सुचना प्रणालीलाई व्यवस्थित गर्नु पर्नेछ र सोको आधारमा प्रत्येक बर्ष स्वास्थ्य क्षेत्रको बार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(२) प्रत्येक स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्राहीको स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली बमोजिमको अभिलेख राख्ने र सो अनुसारको

प्रतिबेदन तोकिएको निकाय समक्ष प्रतिवेदन पेश गर्नु सम्बन्धित स्वास्थ्य संस्था र गाउँपालिका स्वास्थ्य शाखा प्रमुखको दायित्व हुनेछ ।

५५. **अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण** :

(१) गाउँपालिकामातहत रहेका सरकारी स्वास्थ्य संस्था तथा गाउँपालिकाले स्वीकृती प्रदान गरेको निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुले गाउँपालिकाले तोकेको मापदण्ड अनुसार सेवा प्रदान र सर्त पूरा गरे वा नगरेको सम्बन्धमा गाउँपालिका आफै वा अन्य निकाय मार्फत नियमन, निरिक्षण, अनुगमन तथा मुल्याङ्कन गर्नसक्नेछ ।

(२) स्वास्थ्य संस्थाहरूबाट प्रतिवेदन गरिएका सेवाग्राहीको तथ्याङ्क र आपुर्ति व्यवस्थापनको सूचना प्रतिवेदनको स्वास्थ्य शाखा मार्फत नियमित तथ्याङ्क गुणस्तर परिक्षण गर्नुपर्नेछ ।

(३) गाउँपालिकाको उप-समितिद्वारा मन्त्रालयबाट स्वीकृत गुणस्तरीय स्वास्थ्य सेवा सम्बन्धीका सूचकहरुको आधारमा सेवा प्रवाहको अवस्थाको अनुगमन गरी नगर स्वास्थ्य समितिमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(४) गाउँपालिकाको स्वास्थ्य क्षेत्रको समग्र अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक छुट्टै निर्देशिका तयार गरी सोही अनुरुप अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्नुपर्नेछ ।

## परिच्छेद १३
## जरिवाना सम्बन्धि व्यवस्था

५६. **जरिवाना गरिने:**

(१) कसैले सरकारी, समुदायिक, सार्वजनिक गुठीको स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यबसायको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई नगर स्वास्थ्य समितिले पेश गरेको राय सुझाव तथा प्रतिवेदनको आधारमा न्यायीक समितिले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्नसक्नेछ ।

(२) कुनैपनि स्वास्थ्य सेवा प्रदायक संस्था वा व्यक्तिले यस ऐन विपरित कुनै कार्य गरेमा, गाउँपालिकाले तोकेको मापदण्ड पुरा नगरेमा, गाउँपालिकाले दिएको निर्देशन पालन नगरेमा कसुरको गाम्भिर्यतालाई विचार गरि न्यायीक समितिले दुई लाख रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(३) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ:

(क) उपचार, सेवा र सेवा संग सम्वन्धित विषयको व्यक्तिगत गोपनियता भङ्ग गरेमा,

(ख) स्वास्थ्य परीक्षण उपचार तथा सेवा दिदा लापरवाही, विभेद वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) उपचारमा बद्नियत राखी दुख दिएमा, अमर्यादित कार्य गरेमा,

(घ) कानून विपरितका अन्य कार्य गरेमा ।

(४) जरिवाना सम्बन्धि अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(५) उपदफा (१), (२), (३), (४) बमोजिम जरिवाना गर्नु अघि कार्यपालिकाले तोकिए बमोजिम काम, कर्तव्य र अधिकार भएको छानविन समिति गठन गरि छानविन गर्नेछ ।

(६) गाउँपालिकाको तथा तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

५७. **प्रचलित कानुन बमोजिम सजाय हुनेः**

(१) यस ऐन बमोजिम सजाय हुने कुनै कसुरमा अन्य प्रचलित कानुन बमोजिम पनि सजाय हुन सक्ने अवस्था रहेछभने सोहि कानुन बमोजिम सजाय गर्न यस ऐनले बाधा पुऱ्याउने छैन ।

## परिच्छेद १४
## **विविध**

५८. **सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्नेः**

(१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भय रहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथा कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नु सवैको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछन् ।

(३) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव एवं दुर्व्यवहार दण्डनिय हुनेछ ।

(४) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिदा सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सम्वन्धित स्वास्थ्य संस्था र कार्यरत स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ । व्यक्तिगत गोपनियताको हक सुरक्षित नभएको वा कुनैपनि बहानामा अन्यथा भए गरेको पाइएमा प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

५९. **निजी मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिसः**

(१) संघीय, प्रादेशिक मापदण्ड अनुरुप निजिस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका सिफारिसका लागि गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

६०. **अभिलेखिकरण तथा प्रतिवेदनः**

(१) गाउँपालिका क्षेत्रभित्रका संचालनमा रहेका सम्पुर्ण स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्रहिको अभिलेख सुरक्षित रुपमा राख्ने र तोकिएको निकायमा प्रतिवेदन गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

(२) गाउँपालिका तथा सम्वन्धित निकायले माग गरेको अवस्थामा वा कुनैपनि समयमा तोकिएका विवरणहरु माग गर्ने निकायमा पेश गर्नु सम्वन्धित संस्थाको जिम्वेवारी हुनेछ ।

६१. **नियम बनाउने अधिकारः**

(१) यो ऐन कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

६२. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने**ः यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।

६३. **संक्रमणकालीन व्यवस्थाः**

(१) यस ऐनले तोकिएको तथा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म कार्यपालिकाले गर्नसक्नेछ ।

६४. **प्रचलित कानुन बमोजिम हुने** : यस ऐनमा लेखिएजति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएको विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

६५. **बाधा अडकाउ फुकाउने अधिकार**ः

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्नेछ ।

६६.**खारेजी र बचाउः**

(१) यो ऐन बन्नुभन्दा पहिले प्रचलित कानुन अनुसार भएगरेका कामहरु यसै ऐन अनुसार भएको मानिनेछ र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) संघीय र प्रादेशिक कानूनसँग बाझिन गएमा बाझिन गएमा यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

आज्ञाले
लाल बहादुर योगी
प्रमुख प्रशासकिय अधिकृत